# श्री सर्वोच्च अदालतमा चढाएको

# निवेदन-पत्र

**विषयः** बन्दी प्रत्यक्षीकरणको आदेश समेत जारी गरीपाऊँ ।

| | | |
|---|---|---|
| ल.पु.जि., ल.पु.उ.म.न.पा.वडा नं. ३ श्रीदरबारटोल बस्ने वर्ष ६० को कनकमणि दीक्षितको हकमा निजकी पत्नी ऐ.ऐ.बस्ने वर्ष ५७ की शान्ता दिक्षित............................................................................................. | १ | निवेदक |

**बिपक्षी**

| | | |
|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं............................ | १ | |
| ऐ.ऐ. का प्रमुख आयुक्त लोकमानसिंह कार्की.......................................... | १ | बिपक्षी |
| ऐ.ऐ.का अनुसन्धान अधिकृत प्रहरी बरीष्ठ उपरीक्षक योगेस्वर रोम खामी......... | १ | प्रत्यर्थी |
| प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौं ........................................... | १ | |
| प्रहरी प्रभाग कार्यालय गौशाला काठमाण्डौं............................................. | १ | |
| श्री विशेष अदालत बबरमहल काठमाण्डौं ............................................ | १ | |

म निवेदक नेपालको संविधानको धारा ४६, १३३(२), (३) र सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३१(२) बमोजिम गैरकानूनी थुनामा राखीनु भएका मेरा पति कनकमणी दिक्षितको हकमा निम्नलिखित बेहोराको निवेदन प्रस्तुत गर्दछुः

मस्यौदकर्ता: अ. हिमेश कृष्ण खरेल,
प्र.प.नं. १४३४०

१. निवेदकको पति कनकमणी दिक्षित पत्रकारिता र मानव अधिकारको क्षेत्रमा सक्रिय व्यक्ति हुनु हुन्छ । मानव अधिकारको हननमा संलग्न व्यक्तिहरु त्यसका लागि दण्डीत हुनु पर्ने र त्यस्ता व्यक्तिलाई सार्वजनिक उत्तरदायित्वको पदबाट विमुख गरिनु पर्ने मान्यता निजको रहेको छ । विपक्षि मध्यको लोकमान सिंह कार्किको सेवाको दरबारी पृष्ठभुमी र नेपाल सरकारको मूख्य सचिव रहेको अवस्थामा मानव अधिकारको उल्लंघनमा निजको सक्रियता र संलग्नता सवैको जानकारीमा नै रहेको विषय हो। निजको मानव अधिकार उल्लंघनमा रहेको संलग्नताको पुष्टी आधिकारीक रुपमा सर्वोच्च अदालतका पुर्व न्यायाधिश मा. कृष्णजंग रायमाझीको अध्यक्षतामा गठीत आयोगको प्रतिवेदनबाट समेत भएको छ । साथै देशमा भ्रष्टाचारको नियन्त्रणको उद्देश्यले गठीत अ.दु.अ.आ. जस्ता संस्थामा सवैको सम्मान र विश्वास जित्नसक्ने पारदर्शि र विश्वसनिय छवि भएका व्यक्तिको नियुक्ती हुनु पर्ने र यस्तो पदमा राजपुटिन प्रवृत्तीका व्यक्ति हुन नहुने कुरामा विवाद हुन सक्दैन । दुर्भाग्यवश पटक पटक भ्रष्टाचारको छानविनमा परिसकेका तर प्राविधिक आधारमा उम्कीन सफल भएका तथा सम्पत्तिको कुनै आधिकारीक श्रोत वेगर ठुलो धनरासी आर्जन गरेको भनी आम जनताले पहिचान गरेको विपक्षि लोकमान जस्ता व्यक्ति अखतीयार दुरुपयोग अनुसन्धान आयोगको प्रमूख आयुक्त पदका लागि संवैधानिक परिषदबाट सिफारीस हुनु आफैमा अत्यन्त दुखदः र राष्ट्रको लागि लज्जास्पष्द विषय हो । निजलाई अ.दु.अ.आ.को प्रमूख आयुक्तको रुपमा नियुक्त गराउनका लागि देश बाहिरका शक्तिहरुको संलग्नता रहेका भनी विभिन्न श्रोतबाट सूचनाहरु बाहिर आएकोले समेत राष्ट्रिय गरिमा, संप्रभुसत्ताको रक्षाको लागि त्यस्ता मानव अधिकारहंता र अत्यन्त भ्रष्ट छवि भएको व्यक्तिलाई अ.दु.अ.आ.मा नियुक्त गरिनु हुदैन भन्ने मान्यतामा मेरा पति रहनु भएको थियो । लोकमान सिंह र निजजस्ता अन्य दुषित चरित्र र पृष्ठभूमी भएका व्यक्तिहरुको नियुक्ती महत्वपुर्ण पदमा नहोस् भनी त्यस्ता संभावित नियुक्तीको विरुद्धमा जनमन सिर्जना गर्नका लागी पति कनकमणी दिक्षितले निरन्तर आफनो कलम चलाई आउनु भएको थियो । विपक्षि लोकमान सिंह कार्किको नियुक्तीको सिफारीस संवैधानिक परिषदले गरे पश्चात निजको सपथ ग्रहण कार्यक्रम स्थलमा धर्ना दिएको भन्ने अभियोगमा बरिष्ठ अधिवक्ता शम्भु थापा लगायतका लव्धप्रतिष्ठित नागरीकहरुका साथै पति कनक दिक्षित समेत गिरफ्तार गरिनु भएको थियो ।

२. निज लोकमान सिंह कुनैपनि महत्वपुर्ण जिम्मेबारीको पदमा नियुक्त गर्न वास्तवमा योग्य व्यक्ति नभएको र निज अत्यन्त सामन्ती प्रवृत्तीका व्यक्ति भएको र त्यसै कारणले आफना विरुद्ध नितिगत कारणले प्रतिकुल टिप्पणि गर्ने व्यक्तिहरुका विरुद्ध निज सक्रिय रहने गरेको कुरा शम्भु थापा विरुद्ध लोकमान सिंह कार्कि समेत भएको उत्प्रेषण समेतको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाबाट अकाटय रुपमा पुष्टी भै नै रहेको अवस्था छ । उक्त मुद्दामा निजले राजस्व अनुसन्धान विभागलाई दवाव दिई

मस्यौदाकर्ताः अ. हिमेश कृष्ण खरेल, म.प.नं. १४३४०

नेपाल बार एसोसिएसनका पुर्व अध्यक्ष एवं वरिष्ठ अधिवक्ता शम्भु थापाको विरुद्ध कारवाही गर्न बाध्य पारेको कुरा एकातर्फ प्रमाणीत भएको छ, भने अर्को तर्फ निजले सो सम्पुर्ण काम कारवाहीमा आफनो कुनै संलग्नता नरहेको भनी सम्मानित अदालतलाई झुठा जवाफ दिएको तथ्य समेत अभिलिखित नै रहेको छ । उक्त मुद्दा आफैमा लोकमान सिंह कार्किको चरित्रको द्वैधतालाई स्पष्ट पार्ने अकाट्य प्रमाण हो ।

३. आफना नियुक्तीका विरुद्ध सक्रिय रहेका व्यक्तिहरुको सामाजिक मर्यादा र प्रतिष्ठालाई समाप्त पार्ने, आफनो क्षमताले भ्याएमा थुनामा राख्ने, मानसिक यातना दिने, मानसिक दवावमा पारी आफ्नो विरुद्ध प्रकट हुने जायज अभिव्यक्तिको क्रमलाई समेत रोक्ने विपक्षी लोकमान सिंहको प्रयत्नको क्रम निरन्तर चलिरहेको छ । सोही क्रममा निजले आफनो प्रताडनाको लक्ष बनाएको व्यक्तिहरुको सूचिमा मेरा पति कनक दिक्षित समेत पर्नु भएको रहेछ । मेरा पति बाहेक समेत निजको नियुक्तीको विरोध गर्ने अन्य व्यक्तिहरुको विरुद्ध त्यस्ता व्यक्तिका कुनै निरिह सदस्यहरुले गरेको सरकारी सेवाको आधारमा कारवाही सुरु गर्ने निजको षडयन्त्र क्रमिक रुपमा चलिनै रहेको छ । पति कनकमणीले निजको नियुक्तीको विरोध गरेको कारणले र आफना सम्पुर्ण विरोधि र विरोधको आवाजलाई समाप्त गरी जारकालिन रुसका रासपुटीन जस्तै चक्रवर्ति हुने निज विपक्षि लोकमान सिंहको चाहना छ । त्यसैले पति कनकमणी दिक्षितको पुर्खौली लगानी रहेको साझा संस्थामा निज अध्यक्षको रुपमा निर्वाचित भएको कुरालाई आफनो अधिकारक्षेत्र सिर्जना गर्ने माध्यम बनाएर आफना व्यक्तिगत भृत्य झैं अत्यन्त विश्वासपात्र रहेका विपक्षि योगेस्वर रोमखामीलाई आदेश दिई विपक्षि आयोगका विपक्षि प्रमूख आयुक्त लोकमान सिंह कार्किको निर्देशन बमोजिम निवेदकका पति कनकमणि दिक्षितलाई मिति २०७२।०८।१८ का दिन आयोगमा उपस्थीत हुन आउने वेहोराका पत्र बुझएको थियो । जसको सम्बन्धमा पति कनकमणीले विपक्षि आयोग र लोकमान सिंह कार्किको सो कार्यलाई चुनौति दिई सम्मानित सर्वोच्च अदालतमा मिति २०७२।०८।२९ मा रि.नं. ०७२(Wo-०४०९ को प्रतिषेध उत्प्रेषण लगायतको रिट निवेदन दायर गरी हाल सो रिट निवेदन सम्मानित अदालत समक्ष विचाराधिन नै रहेको छ ।

४. उक्त रिट निवेदनमा निवेदकका पति कनकमणीले भ्रष्टाचार गरी आर्जन गरेको भन्ने विषयमा अ.दु.अ.आ.ले अनुसन्धान नै गर्नका लागि पनि अख्तीयार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि को दफा ५ को देहायको (ख) मा उल्लेख भए बमोजिम आयोगको निर्णय नै भएको हुनु पर्ने लगायतका कानूनी र संवैधानिक प्रश्नहरु उठाउनु भएको थियो । अ.दु.अ.आ. र विपक्षि लोकमान सिंहले कानूनले निर्धारण गरे बमोजिमको प्रकृया पुरा नगरी अनुसन्धान कारवाही अघि नबढाउनका लागि अन्तरीम आदेशको मांग

मस्यौदाकर्ता: अ. हिमेश कृष्ण खरेल,
प्र.प.नं. १२३४०

समेत गर्नु भएको थियो । सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७२।९।२१ का दिन आदेश हुंदा स्पष्ट रुपमा निम्नलिखित निष्कर्षमा पुगेको थियोः

क. निवेदकलाई मिति २०७२।०८।१७ मा लेखीएको पत्रमा अ.दु.अ.आ. ऐन २०४८ एवं नियमावली २०४९ मा भए बमोजिम के कुन प्रयोजनको लागि कुन कानुनी व्यवस्था अन्तरगत उपस्थित हुन सूचित गरिएको हो सो कुरा उल्लेख भएको पाईएन ।

ख. विपक्षि आयोगको निर्णय बमोजिम झिकाएको भन्ने पनि पाईएन ।

ग. अ.दु.अ.आ. ऐन र नियमावली बमोजिम आयोगले नै निर्णय गरी गर्नु पर्ने कामका हकमा सम्बद्ध कानूनको अख्तियार खोली आयोगको अमुक निर्णयको आधारमा जो चाहिने कारवाही अघि बढाउन सकिनेमा सोको अभावमा अन्य पदाधिकारी वा शाखा, महाशाखाले गरेको कामलाई कानून बमोजिम आयोगको निर्णय मान्न सकिने अवस्था रहदैन ।

घ. तसर्थ अख्तीयार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११,१३,१४ र नियमावलीको नियम १३,१४,१५ जस्ता प्रावधान बमोजिमको अवस्था भए सम्बद्ध कानूनकै आधार खोली अनुसन्धान कार्य अघि बढाउन बाधा नहुने अन्यथा कानूनको अख्तीयारी र प्रयोजन नखुलाई कसैलाई अनुसन्धानको नाममा अन्य कुनै कारवाही गर्न नमिल्ने हुन्छ ।

ङ. कानूनी राज्यको सिद्धान्तको भावनाको कदर गरी संविधान र कानूनले दिएको अख्तीयारी र जिम्मेबारी पुरा गर्नु विपक्षि आयोगको कर्तव्य हुन्छ ।

५. माथि उल्लेखीत आदेश गर्दा सो सुनवाईको मितिसम्ममा तयार भएको अ.दु.अ.आ.को अनुसन्धान भएको फाईलको अध्ययन र विवेचना गरी सर्वोच्च अदालत माथि उल्लेखीत निष्कर्षमा पुगेको हो । तर मेरा पति कनक मणि दिक्षितले मिति २०७२।८।१७ को पत्र मुताविक आयोगमा उपस्थीत भै अनुसन्धानमा सहयोग पुर्याई रहेको कुरा छलफलको क्रममा खुलेको आधारमा अन्तरीम आदेश गरी रहनु जरुरी नभएको निष्कर्षमा सम्मानित सर्वोच्च अदालत पुगेको भएता पनि स्पष्ट रुपमा प्रकरण ५ मा उल्लेख गरेको तथा मिति २०७२।०९।२१ को सम्मानित सर्वोच्च अदालतको आदेशमा उल्लेख गरिएको प्रकृया र पुर्वाधार पुरा गरेर मात्र अनुसन्धान कार्य अघि बढाउनु पर्ने स्पष्ट आदेश सम्मानित अदालतको रहेको कुरामा विवाद नै हुन सक्दैन । अदालतको आदेशमा अन्तरनिहित विषयबस्तुलाई आफुखुशि व्याख्या गरी अन्तरीम आदेश जारी नगरीएको कारणले मनपरि गर्ने

मस्यौदकर्ताः अ. हिमेश कृष्ण खरेल,
प्र.प.नं. १४३४०

स्वतन्त्रता आयोगलाई मिलेको भनी अर्थ गर्न मिल्ने होइन । अपितु आदेशमा उल्लेख भएबमोजिम उल्लेखित प्रकृया पुरा गर्नु पर्ने वाध्यताको सिर्जना सम्मानित अदालतको आदेशले गरेको थियो ।

६. मिति २०७२।०९।२१ को सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश नेपालको संविधानको धारा १२६ (२) को प्रयोजनको लागि मान्यता प्राप्त आदेश नै हो । सो आदेशमा उल्लेख गरीएको पुर्वाधार र अन्तरबस्तुलाई उपेक्षा गर्ने अधिकार विपक्षिहरु कसैलाई छैन । सिद्धान्ततः दोषि प्रमाणीत नभएसम्म जुनसुकै व्यक्ति निर्दोष मानिनुपर्ने व्यवस्था नेपालको संविधानको धारा २०(५) ले गरेको छ । साथै आयोगको अनुसन्धान गोप्य हुनु पर्ने कुरामा पनि विवाद छैन । बर्षौंसम्म खाता रोक्का राखि अनुसन्धान गरिएका उंच्चपदस्थ विभिन्न कर्मचारीहरुको अनुसन्धान विना कुनै सार्वजनिक जानकारी गुपचुप तामेलीमा राख्ने कार्य विपक्षि आयोगले गर्दै आएको छ । तर मेरो पतिको हकमा निजले आयोगमा बुझाएको विवरणको विस्तृत चर्चा र हुदै नभएको सम्पत्ति भनी आयोगको प्रवक्ताले सार्वजनिक संचारका माध्यमहरुमा गरेको टिप्पणि र खेदजन्य अभिव्यक्तिले विपक्षि आयोग र त्यसका प्रमूख आयुक्त र निश्चित कर्मचारीहरुको पुर्वाग्रह मेरो पतिको विरुद्ध रहेको कुरालाई अकाट्य रुपमा प्रमाणीत गरी रहेको छ ।

७. मिति २०७२।०९।२१ पश्चात पुनः पति कनकमणी दिक्षितलाई विपक्षि आयोगका विपक्षि अनुसन्धान अधिकृत रोमखामीले मिति २०७२।११।३० मा पत्र प्रेषित गर्नु भएको थियो । पति कनकमणी दिक्षितले सम्मानित अदालतको आदेशमा उल्लेखीत पुर्वावस्था पुरा गरी कारवाही गरिएको अवस्थामा आफु पुर्ण तत्पर गरेको र आफुसंग कुनै निश्चित विवरण बुझ्न आवश्यक भएको अवस्थामा लिखित रुपमा सोधिएको अवस्थामा पत्राचार गरेर सोध्न नसकिने उपस्थीत नै भै बयान गर्नु पर्ने कुराको कुनै औचित्य नभएको आशयको जवाफ दिनु भएको थियो । तत्पश्चात पुनः मिति २०७३।०१।०२ का दिन विपक्षि आयोगको च.नं. १८६० को निज विपक्षि योगेस्वर रोमखामीले दस्तखत गरेको पत्र प्राप्त भयो । उक्त पत्रमा पति कनकमणी दिक्षितको स्पष्टीकरण लिनु पर्ने भएकोले मिति २०७३।०१।०८ गतेको दिन १ बजेको समयमा उपस्थीत हुने निर्देशन निज योगेस्वर रोमखामीले दिएका थिए । उक्त पत्रमा पनि पति कनकमणीको सम्बन्धमा अनुसन्धान गर्ने निर्णय विपक्षि आयोगबाट भएको कुरा उल्लेख गरिएको छैन भने त्यसरी उपस्थीत गराई स्पष्टीकरण लिनुपर्ने कारण र कानूनी आधार समेत उल्लेख गरिएको छैन । अतः स्वाभाविक रुपमा सो को जवाफमा पति कनकमणी दिक्षितले आफुलाई पुर्वाग्रहपुर्ण तवरमा उपस्थीत हुन पत्राचार गरेको कारणले सम्मानित अदालतको आदेश बमोजिमको पुर्वावस्था पुरा नगरी त्यस्तो कुनै कारवाही गर्न

मस्यौदकर्ता: अ. हिमेश कृष्ण खरेल,
प्र.प.नं. १४३४०

नमिल्ने र कुनै विवरण बुझन जरुरी भएको अवस्थामा लिखित रुपमा मांग गर्न सक्ने कुरा उल्लेख गरी जानकारी दिनु भएको थियो ।

८. अचानक मिति २०७३।०१।१० का दिन विपक्षि आयोगका विपक्षि योगेस्वर रोमखामीको नेतृत्वमा ३ वटा सवारी साधनमा आएको प्रहरीहरुले निवेदकको आवासिय परिसरमा घेराउ गरी पति कनकमणी दिक्षितलाई गिरफतार गरी लैजानु भयो । निजलाई पक्राउ गर्ने आधार र कारण सोध्दा पक्राउ पुर्जि भनी लेखीएको पत्रको देखाउनु भएको थियो । मोवाईलबाट खिचेको सो पत्रको प्रतिलिपि यसै निवेदन पत्रका साथ संलग्न रहेको छ। विपक्षि पतिको विरुद्ध गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको भन्ने विषयको अभियोग ठहर हुन नसक्ने कुरामा विपक्षिहरु समेत जानकार नै हुनुहुन्छ । त्यसैले आफुनो कुनै सम्पतिको विषयमा कुनै कुरा बुझ्नु परेको अवस्थामा लिखित रुपमा जानकारी दिन तत्पर रहेको कुरा स्वयं पतिले लिखीत रुपमा जनाउन नै दिनु भएको छ । साथै सम्मानित सर्वोच्च अदालतको पुर्व उल्लेखीत आदेश बमोजिम आयोगले निर्णय गरी अनुसन्धान गर्ने निष्कर्षमा पुगेको अवस्थामा अनुसन्धान प्रकृयामा सहभागी हुन तत्पर रहेको कुरामा समेत कुनै विवाद छैन । सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम हालसम्म अख्तीयार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११,१३,१४ र नियमावलीको नियम १३,१४,१५ को प्रकृया पुरा गरेको कुरा विपक्षि अनुसन्धान अधिकारीको काम कारवाही र जारी भएको पत्राचारबाट देखीएको छैन । कुनै पनि व्यक्तिलाई कानून बमोजिम बाहेक गिरफ्तार गर्न नपाईने कुरा स्पष्ट छ । सम्मानित सर्वोच्च अदालतको मिति २०७२।९।२१ को आदेशले स्पष्ट रुपमा “अ.दु.अ.आ. ऐन र नियमावली बमोजिम आयोगले नै निर्णय गरी गर्नु पर्ने कामका हकमा सम्बद्ध कानूनको अख्तियार खोली आयोगको अमुक निर्णयको आधारमा जो चाहिने कारवाही अघि बढाउन सकिनेमा सोको अभावमा अन्य पदाधिकारी वा शाखा, महाशाखाले गरेको कामलाई कानून बमोजिम आयोगको निर्णय मान्न सकिने अवस्था रहदैन” ... “तसर्थ अख्तीयार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११,१३,१४ र नियमावलीको नियम १३,१४,१५ जस्ता प्रावधान बमोजिमको अवस्था भए सम्बद्ध कानूनकै आधार खोली अनुसन्धान कार्य अघि बढाउन बाधा नहुने अन्यथा कानूनको अख्तीयारी र प्रयोजन नखुलाई कसैलाई अनुसन्धानको नाममा अन्य कुनै कारवाही गर्न नमिल्ने हुन्छ” ... “कानूनी राज्यको सिद्धान्तको भावनाको कदर गरी संविधान र कानूनले दिएको अख्तीयारी र जिम्मेबारी पुरा गर्नु विपक्षि आयोगको कर्तव्य हुन्छ” भन्ने कुरा स्पष्ट रुपमा निर्देशीत गरिएको छ ।

९. कुनै पनि निकायले अनुसन्धानको क्रममा पक्राउ गर्न पाउने सो निकायको अन्तरनिहित अधिकार हुदैन । मिति २०७३।०१।०८ मा पतिलाई आयोगमा उपस्थति हुन जारी गरिएको पत्रमा

मस्यौदकर्ताः अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

स्पष्टीकरणको लागि उपस्थीत हुन भनिएको छ।  बयान गराउनु पर्ने अवस्थासम्म पनि आयोगले देखेको छैन । तर ०८ गतेसम्म स्पष्टीकरण पेश गर भन्ने र लिखित रुपमा सोधिएको अवस्थामा लिखित रुपमा जवाफ दिन तयार भै आफनो जवाफ लिइ आयोगमा उपस्थीत भै बुझाएका पती कनकमणी दिक्षितलाई २ दिन पश्चात अर्थात १० गतेको दिन पक्राउ गरी थुनामा राखी अनुसन्धान गर्ने आधार र अवस्था कतैबाट पुष्टी हुदैन । अ.दु.अ.आ. कै कार्यविधिको नियम ५ (ख) बमोजिम कुनै निर्णय नै नभएको अवस्थामा निरंकुशतापुर्ण तवरमा कुनै व्यक्तिको वैयक्तिक स्वतंत्रता अपहरण गर्न मिल्ने होइन । अ.दु.अ.आ. ऐनको दफा १६ ( १) को पुर्वावस्थाको नभएसम्म विपक्षि आयोगले कसैलाई थुनामा राख्न सक्ने होइन । अ.दु.अ.आ. आयोग ऐन २०४८ को दफा १६ को पुर्वावस्था प्रामाणिक रुपमा पुष्टी न भै र आयोगको निर्णय कार्यविधिको दफा ५ बमोजिम न भै कुनै व्यक्तिलाई पक्राउ गर्ने वा थुनामा राख्ने कार्य हुन नै सक्दैन । अतः कानून बमोजिम अनुसन्धान गर्ने रितपुर्वकको निर्णय नै भै सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम निर्धारीत पुर्वावस्था पुरा नगरी निज कनकमणि दिक्षितलाई पक्राउ गर्ने आयोगको कार्य कानून प्रतिकुल रहेकोमा विवाद नै छैन ।

१०. मिति २०७३।०१।१० का दिन शुक्रवार २ बजेपछी पक्राउ गर्नुको पछाडीको अन्तरनिहित उद्देश्य र बदनियत स्पष्ट छ। सुरुमा उपस्थीत हुन आउने पत्र बुझाउंदा समेत दिल्ली जाने विमानमा चढी सकेको व्यक्तिलाई विमान रोकी पत्र बुझाएको जस्ता कार्यले लोकमान सिंहको प्रवृत्त भावनालाई स्पष्ट रुपमा उजागर गरेको छ । मानव अधिकारको पक्षमा लडिने लडाई सहज हुदैन भन्ने कुराको बोधले पतिले गर्नु भएको छ  र मानव अधिकारको रक्षाको लागि लड्ने प्रण गर्नु भएको छ । नेपालको संविधानको धारा २० र अ.दु.अ.आ. ऐनको दफा १६(२) बमोजिम २४ घण्टा भन्दा बढी सोही दफामा उल्लेख गरिएको आधार र कारणले कुनै पनि व्यक्तिलाई थुनामा राखी अनुसन्धान गर्नु पर्नेमा विशेष अदालतबाट अनुमती प्राप्त गर्नु पर्ने व्यवस्था गरेको छ । पती कनकमणी लाइ पक्राउ गरी अ.दु.अ.आ.को कार्यालयमा उपस्थित गराउदा वहाँ पहिले देखि नै उच्च रक्तचापको बिरामी भएको र अख्तियारको अनावश्यक मानशिक दवाबका कारणले उहाँको स्वस्थ स्थिति असामान्य भएकोले उहाँलाई विर अस्पतालमा स्वास्थ जाँचको लागि पठाईएको भन्ने जानकारी मलाई प्राप्त भयो। विर अस्पतालमा स्वस्थ जाँचको सिलसिलामा उहाँको रक्तचाप उच्च देखिए पनि उहाँलाई बयान गराउनका लागि अझ बढी मानशिक तथा शारीरिक दवाब सिर्जना गर्न अस्पतालमा नभई गौशालाको पुलिस चौकीमा थुनामा राख्न पठाईयो। उहाँको बिग्रदो स्वस्थ अवस्था, सम्मान पूर्ण बाँच्न पाउने मौलिक हक, स्वस्थ सम्बन्धि मौलिक हक, थुनामा परेको बेला देखि नै कानून व्यवसायी सँग सल्लाह लिन पाउने मौलिक हक लगायतका कैयौं हक-अधिकारबाट बन्चित गरियो। उहाँकी पत्नी

मस्यौदकर्ताः अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

मलाई आफु श्रीमती भएको प्रमाण मागियो भने उहाँका कानून व्यवसायीलाई अख्तियारको निर्देशनको कारणले भेट्न दिनै नमिल्ने भन्ने जवाफ दिईयो। थुनामा राखेको भोलि पल्ट पहिल्यै देखा परेको उच्च रक्तचापको कारणले उहाँको छाती र मुटुमा समस्या देखा परे पछि पुन: वहाँलाई विर अस्पताल लागिएछ। विर अस्पतालमा उहाँको रक्तचाप १२०/१९० रहेको कारणले वहाँलाई तुरुन्तै ICU मा भर्ना गरियो। त्यसको भोलि पल्ट विशेष अदालत काठमाडौंले वहाँलाई वहाँको अनुपस्थितिमा १० दिन थुनामा राखी बयान लिनु भन्ने आदेश गरेको छ भन्ने जानकारी अख्तियारका अधिकारीबाट प्राप्त हुन आयो। सो सम्बन्धमा बुझ्दा पतीका मित्र एव कानून व्यवशायिहरुलाइ वहालाई भेटन भनी जांदा नदिए पछी सोही कुरा उल्लेख गरी विपक्षि विशेष अदालत समक्ष उपस्थीत भै दरखास्त हाली निजको हकमा अनुसन्धानका लागि म्याद थप हुन नहुने कुराको जिकिर लिई बहस पैरवि समेत गर्नु भएको रहेछ । तथापि निज कानून व्यवशायिहरुले उठाएका महत्वपुर्ण र सारभुत प्रश्नहरुको कुनै विवेचना नगरी विपक्षि विशेष अदालतले निजलाई १० दिन थुनामा राखी अनुसन्धान गर्ने आदेश दिएको नक्कल समेत पति कनक दिक्षितलाई प्रतिनिधित्व गर्ने कानून व्यवशायिबाट प्राप्त भयो । उक्त आदेशले समेत पतिलाई कानून र संवैधानिक प्रावधान प्रतिकलु थुनामा राखीएको स्पष्ट भएको छ । सो आदेशको प्रतिलिपि प्रमाण संलग्न छ ।

मस्यौदाकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३७०

११. **उहाँ उपरको अनुसन्धान गैरकानुनी तथा असंवैधानिक भएकोले गैरकानुनी एवम असंवैधानिक अनुसन्धानको लागि थुनामा राख्ने माग र थुनामा राख्ने अनुमति दिने अदालतको आदेश दुवै निम्नलिखित अधारमा गैरकानुनी तथा असंवैधानिक रहेका छन्:**

**११.१** नेपालको संविधानको धारा २० ले न्याय सम्बन्धी हकको व्यवस्था गर्दा उपधारा ८ ले "प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक" सुनिश्चित गरेको छ। त्यसरी नै धारा २०(७)ले "कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन" भन्ने संवैधानिक प्रत्याभूति हरेक व्यक्तिलाई दिएको छ। धारा २० ले प्रदत्त गरेका हकहरु न्यायिक प्रक्रियाका पूर्वशर्तहरु हुन्। यी हकहरुको प्रचलनको अभावमा न्याय नै मर्ने भएकोले यी हकलाई न्याय सम्बन्धी हक भनि नामाकरण गरिएको हो। न्यायिक प्रक्रियाको अवस्थामा मात्र नभई अन्य अवस्थामा पनि लागु हुने गरी संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो सरोकारको विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेको छ।

**११.२** अ.दु.अ.आ.को कार्यविधि २०७० को दफा ५(ख) ले "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिम गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरेको मानिने कसुरको बारेमा

**अनुसन्धानको कारवाही** अघि बढाउने विषय" आयोगको निर्णयबाट सम्पादन हुने व्यवस्था गरेको छ। आयोगको निर्णय भनेको कुनै प्रशासनिक व्यक्ति वा अनुसन्धान अधिकृतको तजबिजी निर्णय होईन। अ.दु.अ.आ. नियमावली २०५९ को नियम ३ को उपनियम ४ ले "**बहुमत आयुक्तको निर्णयलाई आयोगको निर्णय मानिनेछ**। कुनै विषयमा बहुमत कायम हुन नसकेको अवस्थामा प्रमुख आयुक्त समेतको मतलाई आयोगको निर्णय मानिनेछ" भन्ने व्यवस्था गरेको छ। अर्थात: **गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरेको मानिने कसुरको बारेमा अनुसन्धानको कारवाही अघि बढाउने विषय बहुमत आयुक्तको निर्णयबाट सम्पादन गरिनु पर्ने बिषय हो।**

**११.३** मेरा पति कनकमणि दिक्षित उपर सुरु गरिएको अनुसन्धानको कारबाहीको बिषयमा संविधानको धारा २०(८) बमोजिम अ.दु.अ.आ.को कुन निर्णयबाट कसरी कारबाही सुरु भयो भनी जानकारी पाउनु उहाँको मौलिक हक हो। कुनै व्यक्ति बिरुद्ध अघि बढाइएको कारबाही कसले, किन, कुन अख्तियारिले, कुन कानूनी व्यवस्थाको आधारमा, के निर्णय गरेर सुरु गर्यो भन्ने बिषयमा सम्बन्धित व्यक्तिलाई जानकारी नदिनु संविधानको धारा २०(८) को ठाडो उल्लङ्घन गर्नु हो। कुनै व्यक्तिलाई ऊ बिरुद्धको कारबाहीको जानकारी नै नदिई सरकारी पद वा पोशाकको रवाफमा उसको वैयक्तिक स्वतन्त्रता तथा सम्मानपूर्ण बाँच्न पाउने हक हनन गर्ने कार्य स्वत: असंवैधानिक र अन्यायपूर्ण हुन्छ।

**११.४** आफुलाई संविधानले प्रदान गरेको निरपेक्ष हक प्रयोग गर्न पाउनु हरेक व्यक्तिको अधिकार हो। उहाँ बिरुद्ध सुरु गरिएको अनुसन्धानको कारबाही बारे धारा २०(८)ले प्रदान गरेको मौलिक हक अनुसार उहाँले के निर्णयबाट अनुसन्धानको कारबाही सुरु गरियो भनि जानकारी माग गर्दा लामो समय सम्म पनि कुनै जानकारी प्राप्त नभएको हुँदा उक्त कारबाहीको बैधता माथि नै प्रश्न गर्नु पर्ने मनासिब कारण उत्पन्न भयो। संविधानद्वारा स्थापित राज्यको एक प्रभावशाली अङ्गले नै संवैधानिक हक अधिकारको सम्मान नगरी ति हक अधिकार हनन गर्दै जाने हो भने कानूनको शासन (rule of law) तथा संवैधानिक सर्वोच्चता (supremacy of the constitution) जस्ता सिद्धान्त केवल शब्दमा मात्र सिमित भई निरर्थक बन्न जन्छन्।

**११.५** अत: अ.दु.अ.आ.को कार्यविधिको दफा ५(ख) ले सुनिस्चित गरेको प्रक्रिया (due process of law) अपनाएर मात्र मेरा पती बिरुद्ध अनुसन्धानको कारबाही अघि बढाउन मिल्ने भएको हुँदा सो कानुनी प्रक्रिया बारे संविधानको धारा २०(८) बमोजिम आफ्नो मौलिक हक प्रयोग गर्दै

मस्यौदाकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

उहाँले जानकारी माग गर्दा अ.दु.अ.आ.का जिम्मेवार अधिकारीबाट कुनै जानकारी प्राप्त भएन। सम्मानित सर्वोच्च अदालतमा यसै बिषयमा दायर भएको रिटको सन्दर्भमा मिसिल अध्ययन गर्दा पनि कार्यविधिको दफा ५(ख) बमोजिमको कुनै निर्णय अदालतलाई प्राप्त भएको थिएन। संविधानको धारा १७(१) ले "कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन" भन्ने प्रत्याभूति दिएको अवस्थामा अ.दु.अ.आ.को कार्यविधिको दफा ५(ख) बमोजिमको कानुनी प्रक्रिया नअपनाई गरेको अनुसन्धानले मेरा पतिलाई उहाँको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित राखेको र उहाँको संवैधानिक हक अधिकार पनि हनन गरेको हुँदा उक्त अनुसन्धान र उक्त अनुसन्धानका लागि थुनामा राख्ने अनुमति दिने विशेष अदालतको आदेश पनि गैरकानुनी भएको हुँदा मेरा पतिलाई तत्काल थुना मुक्त गरीदिनु हुन यो निवेदन लिई आएको छु।

**१२. मेरा पति कनकमणि दिक्षितलाई थुनामा राख्ने विशेष अदालत काठमाडौंको आदेश आफैंमा कानून तथा संविधान बिपरित भएको हुँदा उहाँको थुना पनि स्वत: गैरकानुनी थुना हो:**

१२.१ प्राकृतिक न्यायको सिद्धान्त अनुसार कुनै व्यक्तिलाई आफु बिरुद्धको अभियोग, आफु बिरुद्ध भएको कारबाही तथा उठाईएका तर्क, आफ्नो प्रतिबाद गर्न पाउने मौका, आफुलाई थुनामा राख्ने कारण सहितको निर्णय उपलब्ध गराइनु पर्न हो। तर मेरा पतिलाई न त बैशाख १२ गते अदालत समक्ष उपस्थित गराईयो, न त के कति कारणले मलाई थुनामा राखिएको भन्ने जानकारी दिईयो, न त उहाँलाई थुना मै राखेर अनुसन्धान गर्नु पर्ने आधार र कारण बारे केहि बतईयो, न त उहाँलाई प्राकृतिक न्यायको सिद्धान्त तथा अ.दु.अ.आ. ऐनको दफा १६(५) बमोजिम आफ्नो प्रतिरक्षा गर्ने अवसर दिईयो, न त उहाँलाई अदालतले के-कस्तो आदेश गरेको छ भन्ने जानकारी नै उपलब्ध गराईएको छ। संविधानको धारा २०(३)बमोजिम उहाँलाई अदालत समक्ष २४ घण्टा भित्र उपस्थित गराउनु पर्ने भएता पनि आज ६ दिन व्यतित भैसक्दा पनि उहाँलाई कुनै न्यायिक निकाय समक्ष उपस्थित गराईएको छैन। संविधानको उक्त धाराले "...चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी **समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा** बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन" भन्ने व्यवस्था गर्दा गर्दै उहाँको अनुपस्थितिमा उहाँ बिरुद्ध लगेइएको अभियोग, उहाँ बिरुद्ध गरिएको कारबाही, उहाँ बिरुद्ध उठईएका तर्क, तथा उहाँलाई आफ्नो प्रतिरक्षा गर्ने अवसर नै नदिई भएको म्याद थप अ.दु.अ.आ. ऐन, संविधान, कानूनका सर्वमान्य सिद्धान्त समेतको बिपरित भएको हुँदा उक्त म्याद थपको आदेश गैरकानुनी र असंवैधानिक भई बदरभागी छ।

मस्यौदकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

१२.२ अभियुक्तले अपराध गरेको कुरा निस्सन्देह रुपमा प्रमाणित भए पछि मात्र उनलाई कसुरदार ठहराई उनलाई उनले गरेको अपराधको कारणले थुनामा राख्दा अदालतले उनको चित्त बुझ्ने गरी उनले उठाएका जिकिर, उनी बिरुद्धको प्रमाण, उनी बिरुद्ध उठईएका जिकिरहरु तथा मुद्दामा प्रस्तुत सम्पूर्ण तथ्य तथा तर्कहरुको विश्लेषण एवम मुल्याङ्कन गरी न्यायिक निर्णयमा अदालत पुग्दछ। कसुरदार व्यक्तिलाई त थुनामा राख्दा उनले गरेको कसुर प्रमाणित भएपछि थुनामा राख्ने आधार, कारण, प्रमाण, तर्क, तथा जिकिरहरु के-के हुन् भनि जानकारी दिइन्छ भने संविधानको धारा २०को उपधारा ५ बमोजिम निर्दोष भनि मान्नु पर्ने मेरा पतिलाई थुनामा राख्नु पर्ने कुनै कानुनी कारण वा आधार नखुलाई तहकिकात गर्नका लागि भनि म्याद थप गरी थुनामा राख्ने गरी भएको आदेश संविधानको धारा २०(५) र २०(८) बिपरितको छ।

१२.३ मेरो पती लाई थुनामा राख्ने अनुमति प्रदान गर्दा विशेष अदालत काठमाडौँले कुनै आधार कारण खुलाएको छैन। अ.दु.अ.आ. ऐन को दफा १६(२)ले "सो बमोजिम अदालतसंग अनुमति माग्दा **थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भईसकेको भए बयान कागजको बेहोरा** स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ" भनेको छ भने दफा १६(४)ले "उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा **अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी** सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा एक पटकमा एक महिनामा नबढ्ने गरी बढीमा छ महिनासम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ" भन्ने व्यवस्था गरेको छ। सो दफा बमोजिम अ.दु.अ.आ.ले थुनामा राख्ने अनुमति मागे गरेमा अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको का साथै दफा १६ १ र २ को पुर्वावस्थामा विचार गर्नु पर्ने र सन्तुष्ट हुनु पर्ने व्यवस्था गरेको हुँदा प्रारम्भिक रुपमा नै अनुसन्धान वा तहकिकातको कारबाही कानून सम्मत रुपमा अघि बढेको वा नबढेको भन्ने कुराको निक्यौंल गर्नु पर्ने हो। ऐनले नै अदालतले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेकोमा आदेशमा कुनै आधार कारण नलेखी गरिएको आदेश प्रष्ट सँग दफा १६(२) र १६(४) बिपरित रहेको छ।

१२.४ यस्तै पृष्ठभूमिमा आज भन्दा २० बर्ष भन्दा अगाडी मिति २०५२/१२/१/५/ **अ. मुक्तिनारायण प्रधानको हकमा उपेन्द्र कुमार प्रधान बिरुद्ध गृह मन्त्रालय समेत**को बन्दीप्रत्यक्षीकरणको मुद्दामा (स.अ.बु. २०५४, अंक ५, पृष्ठ १४) भएको आदेश सान्दर्भिक छ:

मस्यौदाकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

**"अनुसन्धानको लागी थुनामा राख्नु पर्ने भनि उल्लेख गर्दैमा थुनामा नराखी अनुसन्धान हुन नसक्ने अथवा थुनामै राखेर अनुसन्धान तहकिकात गर्नुपर्ने आवश्यकता वा औचित्य खुलाईएको मात्र नमिल्ने"... "केवल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरुद्ध हुने जस्तो कुनै कारण वा आवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्वन्धित अधिकारीले खुलाउनु पर्ने कानुनी वाध्यता भएको देखिन आउने"**

सम्मानित सर्वोच्च अदालत व्यक्तिको वैयक्तिक स्वतंत्रताको रक्षाको लागि अत्यन्त संवेदनशिल रहेको छ । सम्मानित अदालतकै सिद्धान्तको आधारमा अर्धन्यायिक निकायहरुले समेत म्यादथप दिंदा संवैधानिक र कानूनी व्यवस्थाको पालना गर्ने प्रवृत्ती विकसीत हुदै गएको छ । तर दुर्भाग्यवश सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्दान्त र कानूनी व्यवस्थाको प्रतिकुल म्याद थप भनेको अनुसन्धान गर्ने अधिकारी वा निकायको अन्तरनिहित अधिकार हो भन्ने खालको दुर्भाग्यपुर्ण मान्यता सुरु अदालतहरुको रहदै आएको छन । त्यही कुरालाई दृष्टीगत गरी विजय राज निरौला विरुद्ध प्रहरी प्रधान कार्यालय समेतको मुद्दामा (०७०-WH-००४८) सम्मानित सर्वोच्च अदालतले अनुसन्धान गर्ने निकाय र म्यादथप दिने निकायहरुलाई समेत स्पष्ट निर्देशन प्रदान गरी म्याद थप जुनसुकै मुद्दामा माग्न पाईने र दिन पाईने विषय होइन भन्ने कुरा स्पष्ट रुपमा निर्देशन गरेको छ । तर सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तको पुर्ण उपेक्षा गरी कुनै आधार कारण वेगर १० दिनको म्याद थप दिने विपक्षि विशेष अदालतको आदेश कानून विपरति भएको स्पष्ट छ ।

१२.५ अ.दु.अ.आ. नियमावलीको अनुसूची ८ ले निम्नलिखित व्यवस्था गरेको छ:

अनुसुची–८

(नियम १९ सँग सम्बन्धित)

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दिएको

थुनुवा पूर्जी

श्री .....................

..............................

मस्यौदाकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १२३४०

तपाईँ विरुद्ध यस आयोगमा परेको उजुरीको आधारमा अनुसन्धान गर्दै जाँदा हालसम्म संकलित सबूद प्रमाणबाट फरार हुने/भागी जाने/तपाई बेपत्ता हुने मनासिब कारण भएको/तपाईले विगो हानि नोक्सानी गरेको देखिएको भनी आयोगबाट तपाईसँग धरौटी/जमानत माँग गरिएकोले तपाईलाई सो आदेश सुनाई धरौटी/जेथा दाखिल गर्न लगाइएकोमा तपाईले आज सो बमोजिमको धरौट वा जेथा जमानी दिन असमर्थ रहेको भनी लेखि लेखाई दिनु भएको हुँदा नियमानुसारको सिधा खान पाउने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (४) बमोजिम यो थुनुवा पूर्जी दिइएको छ ।

सम्बन्धित अधिकृतको

सहीः–

नामः–

मितिः–

बोधार्थ .............................

(सम्बन्धित कारागार)

यसबाट के स्पष्ट हुन्छ भने अख्तियारले थुनामा राख्दा के कति कारणले थुनामा राखेको भनि जानकारी दिनु पर्छ। थुनामा राख्ने आधार हुँदा पनि धरौटी/जमानत दाखिला गर्ने मौका दिनु पर्ने भन्ने कुरा उक्त अनुसूचीको थुनुवा पुर्जिको व्यहोराबाट स्पष्ट हुन्छ। मेरा पतिलाई जमानत/धरौटी दिने मौका समेत नदिई उहाँलाई के कति कारणले थुनामा राखेको भन्ने जानकारी नदिएको हुँदा उहाँलाई थुनामा राख्ने आदेश गैरकानुनी रहेको छ।

**१३. मेरा पतिलाई थुनामा राख्ने माग तथा आदेश स्वेच्छाचारी (arbitrary) भएको हुँदा नेपालको संविधान तथा Universal Declaration of Human Rights, 1948 बिपरित भई गैरकानुनी रहेको छ :**

१३.१ मेरा पतिलाई पक्राउ गर्ने समयमा “... निजलाई आयोगमा उपस्थितिका लागि सम्बन्धित अनुसन्धान अधिकृतद्वारा पटक तथा टेलिफोन पटक- पत्राचार गरी सूचित गर्दा समेत सो को अवज्ञा गर्दै उहाँले आफू आयोगमा उपस्थित नहुने निवेदन समेत दर्ता गराई कानूनको प्रतिकूल आचरण गरेको र अनुसन्धान कार्यमा बाधा व्यवधान पुर्‍याएको हुनाले, निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९प्रावधान कानूनी को (ग) को (१) अनुसार पक्राउ गरी आयोगमा ल्याइएको र निज उपर थप अनुसन्धान तथा तहकिकात कार्य जारी राखिएको व्यहोरा जानकारी गराइन्छ” भनि मिति

मस्यौदकर्ता: अ. हिमेश कृष्ण खरेल, प्र.प.नं. १४३४०

२०७२/०१/१० अ.दु.अ.आ. का प्रवक्ता कृष्ण हरी पुष्करले जारि गरेको प्रेस बिज्ञप्तिमा लेखिएको छ। मिति २०७२/०१/१० गते सम्म अ.दु.अ.आ.लाई उहाँको उपस्थितको लागि पक्राउ गर्ने मात्र आवश्यकता भनी कल्पना गरे पनि सो कुरा दफा १६ बमोजीम म्याद थप गर्ने आधार कसरी हुन सक्छ?

१३.2 Universal Declaration of Human Rights, 1948 को धारा ९ ले “No one shall be subjected to arbitrary arrest, detention or exile.” भनेको उपस्थितिको लागी पक्राउ गरिएको परिपेक्षमा उहाँलाई पक्राउ (arrest) बाट अचानक स्वेछाचारी (arbitrary) ढंगले थुना (detention) मा राख्ने कार्य अ.दु.अ.आ.बाट भयो। अ.दु.अ.आ. ऐनको दफा १९(४) ले मात्र अनुसन्धानको सन्धर्भमा थुनामा राख्नु पर्ने व्यवस्था गरेको छ। सो दफाले “भ्रष्टाचारको आरोपमा कारवाई चलाइएको व्यक्ति फरार भै बेपत्ता हुन सक्तछ भनी सम्झनु पर्ने कुनै मनासिव कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा **आयोगले निजसग प्रचलित कानून बमोजिम धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ**” भन्ने व्यवस्था गरेको छ। मेरा पतिलाई प्रचलित कानून बमोजिम धरौटी वा जेथा जमानत पेश गर्ने मौका नै प्रदान नगरी स्वेछाचारी ढंगले थुनामा राखेको हुँदा उहाँलाई गैरकानुनी थुनामा राखी संविधानको धारा १७(१) ले प्रदान गरेको वैयक्तिक स्वतन्त्रता तथा UDHR को धारा ९ ले प्रदान गरेको मानवाधिकार सम्बन्धि हक हनन भएको छ।

१४. कुनै पनि निकायले अनुसन्धानको क्रममा पक्राउ गर्न पाउने सो निकायको अन्तरनिहित अधिकार हुदैन । मिति २०७३।०१।०८ सम्म स्पष्टीकरणको आवश्यकता देख्ने अधिकारीले मिति २ दिन पश्चात १० गतेको दिन पक्राउ नै गरी अनुसन्धान गर्ने आधार र अवस्था कतैबाट पुष्टी हुदैन । अ.दु.अ.आ. नियमावलीको नियम ५ ख बमोजिम कुनै निर्णय नै नभएको अवस्थामा निरंकुशतापुर्ण तवरमा कुनै व्यक्तिको वैयक्तिक स्वतंत्रता अपहरण गर्न मिल्ने होइन । अ.दु.अ.आ. ऐनको दफा १६ (१) को पुर्वावस्थाको नभएसम्म विपक्षि आयोगले कसैलाई थुनामा राख्न सक्ने होइन । श्रोत बाहिरको सम्पत्ति आर्जन गरेको विषयमा विपक्षि आयोगले १० हजार भन्दा वढी व्यक्तिको सम्बन्धामा प्रारम्भीक अनुसन्धान गरेको पक्राउ गरी थुनामा राखेको दृष्टान्त नै छैन । अ.दु.अ.आ. आयोग ऐन २०४८ को दफा १६ को पुर्वावस्था प्रामाणिक रुपमा पुष्टी न भै र आयोगको निर्णय कार्यविधीको नियम ५ बमोजिम न भै कुनै व्यक्तिलाई पक्राउ गर्ने वा थुनामा राख्ने कार्य हुन नै सक्दैन ।

१५. अतः कानून बमोजिम अनुसन्धान गर्ने रितपुर्वकको निर्णय नै भै सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम निर्धारीत पुर्वावस्था पुरा नगरी निज कनकमणि दिक्षितलाई देखभेट गर्न नपाउने गरी

मस्यौदकर्ता: अ. हिमेश कृष्ण खरेल,
प्र.प.नं. १४३४०

विपक्षिहरुको आदेश र पत्र बमोजिम हाल थुनामा राखेको कार्य कानून प्रतिकुल गैरकानूनी भएको हुनाले नेपालको संविधानको धारा १३३ (२), (३) बमोजिम बन्दीप्रत्यक्षिकरण लगायत उपयुक्त सबै आदेश जारी गरी थुनामुक्त समेत गरी पाऊँ।

१६. मेरो तथा मेरा पतिको तर्फबाट रहनुहुने कानून व्यवसायीको बहस जिकिरलाई यसैको अभिन्न अंग मानी प्रमाणमा लगाई पाऊँ।

**१७. संलग्न कागजहरुः**

क. अन्तराष्ट्रिय प्रेस बिज्ञप्तिहरु, थान ४,

ख. अख्तियारको मिति २०७३/०१/१०को प्रेस बिज्ञप्ति,

ग. विशेष अदालतको मिति २०७३/०१/१२को म्याद थप आदेश,

घ. अनुसन्धान सम्बन्धि अ.दु.अ.आ.मा रहेको मिसिल झिकी बुझी पाउँ,

ङ. म्याद थपको सम्बन्धमा विशेष अदालतमा अ.दु.अ.आ.ले प्रस्तुत गरेको मिसिल र म्याद थपको निवेदन झिकी बुझी पाउँ,

१८. बिपक्षीहरुलाई आफ्नो लिखित जवाफ तथा बन्दि सहित २४ घण्टा भित्र यस अदालत समक्ष उपस्थित गराई पाउँ।

१९. यसमा लेखिएको सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झूटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**<u>निवेदक</u>**

शान्ता दिक्षित

इतिसम्वत् २०७३ साल वैशाख महीना १५ गते रोज ४ शुभम्............................................

मस्यौदकर्ताः अ. हिमेश कुमार खरेल,
प्र.प.नं. १४३४०